संघीय संसद

प्रतिनिधि सभा

# शिक्षा तथा स्वास्थ्य समिति

## नेपाल इञ्जिनियरिंग कलेज चाँगुनारायण भक्तपुरको विबाद सम्बन्धमा अध्ययन गर्न गठित कार्यदलको प्रतिवेदन

मिति २०७५।०९।२५ गते

शिक्षा तथा स्वास्थ्य समितिमा पेश गरिएको ।

## प्रतिनिधिसभा शिक्षा तथा स्वास्थ्य समिति अर्न्तगत गठित नेपाल इञ्जिनियरिंग कलेज चाँगुनारायण भक्तपुरको विबाद सम्बन्धमा अध्ययन गर्न गठित कार्यदलको प्रतिवेदन

१: विषय प्रवेश

नेपाल इन्जिनियरिंग कलेज सामाजिक संस्थाको रुपमा २०५१ सालमा साविक चाँगुनारायण गा.वि.स. वा.नं. ८ हाल चाँगुनारायण न.पा. वा.नं. १ र ४ मा २०५३ सालदेखि संचालन भै संस्था दर्ता ऐन २०३४ बमोजिम जिल्ला प्रशासन कार्यालय भक्तपुरमा मिति २०६०।०५।०४ मा सामाजिक शैक्षिक संस्थाको रुपमा दर्ता नं. ५५२ मा दर्ता देखिएको ।
उक्त कलेज पोखरा विश्व विद्यालयको सम्बन्धनवाट निरन्तररुपमा संचालन हुँदै आएको देखिएको ।
स्थानीय स्तरमा संचालन हुन आएको उच्च प्राविधिक शिक्षालय भएको नाताले तत्कालिन चाँगुनारायण गा.वि.स. (हाल चा.न.पा.वडा नं.४) ले १७४ रोपनी सार्वजनिक जग्गा कलेजलाई उपभोग गर्न अनुमति दिएकोले उक्त जग्गामा कलेजले केही संरचनाहरु निर्माण गरेको ।
हाल यो कलेजमा करिव २२०० दुइहजार दुईसय विद्यार्थी अध्ययनरत र करिव २०० भन्दा बढी शिक्षक तथा कर्मचारीहरु कार्यरत रहेको ।

२: **समस्या**

सामाजिक संस्थाको परिकल्पना गरि पटकपटक लामो समय चिन्तन मननका साथ छलफल गरि मुनाफा रहित उद्देश्यको सामाजिक संस्थाको रुपमा स्थापित कलेजलाई गोप्यरुपमा तत्कालिन अध्यक्ष श्री लम्बोदर न्यौपानेले आफ्नो निजी नाममा नेपाल इन्जिनियरिंग कलेज प्रा.लि. भन्ने संस्था मिति २०७४।०१।२५ मा दर्ता गरी यस सामाजिक संस्थाको सम्पूर्ण जायजेथा निजको व्यक्तिगत कम्पनीको हुने अबस्थामा आएपछि चुलिएको विवादमा आपसी सहमति भै नेपाल इन्जिनियरिंग कलेज प्रा. लि. दर्ता खारेज गरि कलेजलाई सोही स्थानमा मुनाफा रहित सामाजिक संस्थाको रुपमा संचालन गर्ने सहमति भएको भएता पनि हालसम्म कलेजमा दुईवटा समानान्तर संचालक समिति कायमै रहिरहेको, विगतमा कलेज व्यवस्थापनले अपचलन गरेको कलेजको करिव २० करोड रुपयौंको छानविन हुन नसकेको र कलेजमा अध्ययनरत रहेका करिव २२०० दुइहजार दुईसय विद्यार्थी र करिव २०० भन्दा बढी शिक्षक तथा कर्मचारीहरुको भविष्य अन्यौल रहेको अबस्थामा सो समस्या समाधानको लागि कलेजको मिति २०७५।०६।०५ को लिखित निबेदन शिक्षा तथा स्वास्थ्य समितिमा प्राप्त हुन आएको ।

**३: समिति अन्तर्गत कार्यदल गठनः**

प्राप्त निवेदनमाथि समितिको बैठकमा छलफल हुँदा समितिको निर्णयानुसार समानान्तर संचालक समूहरुको रुपमा रहेका श्री लम्बोदर न्यौपाने समूह र श्री डा. दिपक भट्टराई समूह दुबैलाई बोलाई समितिको मिति २०७५।०८।६ गतेको समितिको बैठकमा छलफल गरियो । सोही मितिको बैठकले मा. योगेशकुमार भट्टराई संयोजक र सदस्यहरुमा मा. उमेश श्रेष्ठ र मा. हितबहादुर तामाङ रहने गरी कार्यदल गठन भएको ।

यो कार्यदलले मिति २०७५।०८।०९ गते नेपाल इन्जिनियरिंग कलेजको स्थलगत भ्रमण गर्नुको साथै कार्यदलबाट मिति २०७५।०९।०१ गते दुबै समानान्तर संचालक समूहका प्रतिनिधिहरु, भक्तपुर जिल्लाबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिसभाका सदस्यहरु, पोखरा विश्व विद्यालयका उपकुलपति र डिन, भक्तपुर जिल्ला समन्वय समितिका प्रमूख, चाँगुनारायण न.पा. प्रमूख, शिक्षा विज्ञान तथा प्रविधि मंत्रालयका सचिव, भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी र नेकपा, नेका र नेमकिपा पार्टीका जिल्ला प्रमुखहरु समेत सहभागी भएको बृहत खुला बैठक आयोजना गरी छलफल भयो ।

**४: बैठकमा सहभागी मूख्य व्यक्तिहरुको विचारको सार संक्षेप:**

**श्री लम्बोदरकुमार न्यौपाने:** सातजना संस्थापक संचालक सदस्यले निजी स्तरमा कलेज संचालन गर्न पाउनु पर्छ । कलेजलाई सामाजिक संस्था मान्दैनौं ।

**डा. दिपक भट्टराई:** सामाजिक संस्थाको रुपमा भक्तपुर जिल्ला प्रशासन कार्यालयमा दर्ता भएकोले उक्त नेपाल इन्जिनियरिंग कलेज सामाजिक संस्था हो ।हाल दर्ता नविकरण नभएकोले उक्त दर्ता खारेज गरी कलेजलाई सरकारीकरण गर्ने र तत्पश्चात नगर पालिका र पोखरा विश्वविद्यायलयले अथवा कुनै मोडेलमा गैर नाफामुलक सामाजिक संस्थाको रुपमा संचालन गर्ने

**प्र.जि.अ. भक्तपुर:** यो कलेज संस्था दर्ता ऐन २०३४ अन्तर्गत सामाजिक संस्थाको रुपमा दर्ता भै संचालनममा आएको हो र सामाजिक संस्था भएकै कारण तत्कालिन चाँगुनारायण गाउपालिकाले १७४ रोपनी जग्गा उपलब्ध गराएको थियो । यसलाई निजी संस्थाको रुपमा एक पक्षबाट प्रा.लि.मा दर्ता गरियो र करोडौं रुपैया अपचलन र हिनामिना गरिएको छ । हाल प्रा.लि दर्ता खारेज भै सकेको अबस्था छ । अब यसको निकास भनेको यसलाई पोखरा विश्व विद्यालयको सम्वन्धनमा भक्तपुर जिल्लामा संचालित खोप कलेजको मोडेलमा वा उपयुक्त सामाजिक संस्थाको रुपमा स्थानीय नगरपालिकाको मातहतमा संचालन गर्न सकिन्छ ।

**न.पा. प्रमुख चाँगुनारायण न.पा.:** दर्ता भएको संस्था र नेपाल इन्जिनियरिंग कलेज अलगअलग संस्था होइनन् । सार्वजनिक जग्गामा संरचनाहरु वनेका छन् अनि कसरी यो निजी कलेज हुन्छ? UCG बाट अनुदान समेत प्राप्त गरेको छ । यसलाई नगरपालिकाको मातहतमा अटोनमस वडीको रुपमा संचालन गर्न सकिन्छ । सर्बपक्षीय समिति बनाएर व्यवस्थापकिय पक्षमा सम्बन्धित नगरपालिकाले र प्राज्ञिक क्षेत्रमा पोखरा विश्व विद्यालयले यस कलेजको नेतृत्व लिनु उपयुक्त हुन्छ ।

**जि.स.स. प्रमुख:** मूलभूत समस्या भनेको अध्ययनरत कलेजका विद्यार्थीको भविष्य र अभिभावकको चिन्तालाई कसरी हेर्ने भन्ने हो । यो निजी कलेज होइन । संघ संस्था दर्ता ऐन अन्तर्गत दर्ता भएको सामाजिक संस्था हो । स्थानीय तहवाट यो सञ्चालन हुनु वा समन्वय समितिको नेतृत्वमा सर्बपक्षीय समिति बनाएर चलाउन उपयुक्त हुन्छ । यस कुरामा जिल्लाका प्रमुख राजनैतिक दलहरुको पनि सहमति छ ।

**बचन देउजा, नेकपा भक्तपुरः** यो कलेज निजी होइन सामाजिक संस्था हो । सामाजिक नै कायम हुनु पर्दछ । यसमा स्थानीय जनताको अपनत्व छ र स्थानिय नगरपालिका बा जि.स.सको नेतृत्वमा सामाजिक संस्थाको रुपमा संचालन हुनु पर्दछ ।

**दुर्लभ थापा नेका भक्तपुरः** कलेजमा आर्थिक अराजकता छ । अहिले सम्मको पैसाको हिसाव किताव खै कहाँ छ? कुन संस्था वा व्यक्तिको नाममा छ? संचालक समितिका आर्थिक निर्णयहरु सार्वजनिक खरिद ऐन विपरित भएका र करोडौं रुपैया अपचलन भएको देखिएको छ । विद्यार्थी संगठन, स्थानीय गुण्डाहरुलाई पैसा बाड्ने काम भएको छ । सामाजिक र सामुदायिक संस्थाको रुपमै रही भक्तपुर स्थित खोप कलेजको मोडलमा वा अन्य उपयुक्त मोडेलमा यो संचालन हुनु पर्दछ ।

**मा. महेश बस्नेतः** आर्थिक मात्र हैन नीतिगत भष्ट्राचार पनि यो कलेजमा भएको छ । कुनकुन पक्षबाट गलत काम भएको छ सो सम्बन्धित निकायवाट छानविन गरी कारवाहीको दायरामा ल्याइनु पर्छ । नगरपालिका वा तदर्थ रुपमा जि.स.स.वाट अब यो संचालन हनु पर्दछ । यसमा सबै राजनैतिक दल सहमत छन् ।

**मा. सूर्य बहादुर के.सी.:** हरिप्रसाद पाण्डे र डा. दिपक भट्टराईले निजी भनेर मलाई केही सेयर बेच्नु भएको हो । UGC बाट पैसा लिएको छैन । निजि सम्पत्ति धितो राखी बैंक बाट ऋण लिएर संचालन गर्न खोजेको हो । कलेज निजि नै हो ।

**चिरञ्जीवी शर्मा VC पोखरा विश्व विद्यालयः** करिव बाइससय विद्यार्थीको भविष्यलाई विश्व विद्यालयले हेर्नै पर्छ । यसर्थ विश्व विद्यालयको आँगिक कलेजका रुपमा यसलाई संचालन गर्न दिनु पर्छ । विश्व विद्यालयले नेपाल इन्जिनियरिंग कलेजलाई निजि संस्थाका रुपममा सम्बन्धन दिएको हैन सामाजिक संस्थाको हैसियतमा दिएको हो । विद्यार्थीको भविष्यलाई हेरी सम्बन्धन फिर्ता गरी विद्यार्थीलाई अन्यत्र व्यवस्थापन गर्न पनि विश्व विद्यालय तयार छ । पोखरा विश्वविद्यालयको आँगिक कलेजको रुपमा पनि संचालन गर्न हामी तयार छौं ।

**५: कार्यदलको निष्कर्ष र निर्णयः**

संस्थापक संचालक समिति का सदस्य श्री लम्बोदरकुमार न्यौपाने र मा. सूर्य बहादुर के.सी.ले निजी स्तरमा संचालन भएको कलेज भनिएको भएता पनि अर्का संस्थापक संचालक समितिका सदस्य हरिप्रसाद पाण्डे र डा. दिपक भट्टराई, न.पा. प्रमुख, जि.स.स. प्रमुख, सम्बन्धित जिल्लाबाट प्रतिनिधित्व गर्ने प्रतिनिधि सभाका सदस्य, प्रमुख राजनैतिक दलका जिल्लास्तरिय प्रमुखहरु र सम्बन्धन दिने पोखरा विश्व विद्यालयका उपकुलपति र डिनको सार्वजनिक संस्था हो भन्ने भनाई र प्र.जि.अ. भक्तपुरले संस्था दर्ता ऐन २०३४ बमोजिम जिल्ला प्रशासन कार्यालय भक्तपुरमा मिति २०६०।०५।०४ मा सामाजिक शैक्षिक संस्थाको रुपमा दर्ता नं. ५५२ मा दर्ता भै सामाजिक संस्थाको रुपमा संचालनममा आएको भन्ने आधिकारिक भनाई रहेको ।

कार्यदलले गरेको स्थलगत अबलोकनमा तत्कालिन चाँगुनारायण गा.वि.स. (हाल चा.न.पा.वडा नं. ४) ले १७४ रोपनी सार्वजनिक जग्गा कलेजलाई उपभोग गर्न अनुमति दिएकोले उक्त जग्गामा कलेजे केही संरचनाहरु निर्माण गरेको देखिएको,

कलेजमा २२०० दुइहजार दुईसय विद्यार्थी अध्ययनरत रहेको र करिव २०० भन्दा बढी शिक्षक तथा कर्मचारीहरु कार्यरत रहेकोले उनीहरुको भविष्य र अभिभावकको चिन्ताको वारेमा र जनप्रतिनिधि मूलक संस्था प्रतिनिधिसभा अन्तरगत गठित शिक्षा तथा स्वास्थ्य समतिमा उजूरी प्राप्त भै त्यसमा सम्बद्ध पक्षसंग छलफल गरि सकेपछि समिति सम्बद्ध यस कार्यदललाई थप अध्ययन गरी प्रतिबेदन दिन गठित यस कार्यदलले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई देहाय बमोजिम निर्देशन दिन समिति समक्ष सिफारिश गरेको छ ।

१) पोखरा विश्व विद्यालयका इञ्जिनियरिंग संकायका डीनको अध्यक्षतामा चाँगुनारायण नगर पालिका प्रमुख, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तोकेको सो मन्त्रालयको सह-सचिव एक, प्रमुख जिल्ला अधिकारी भक्तपुर र नेपाल इञ्जिनियरिंग कलेजका प्रिन्सिपल सहितको पाँच सदस्यीय समिति गठन गरी समितिको निर्णय प्राप्त भएको मितिले १५ दिनभित्र देहाय बमोजिमका विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा प्रतिबेदन पेश गर्न लाउने ।

(क) विबादमा रहेका दुबै पक्षका पुराना संचालक सदस्यहरुलाई ससम्मान संरक्षक र सल्लाहकारको रुपमा राखी संस्थापक संचालकहरु, शिक्षकहरु, अभिभाक, विद्यार्थी, स्थानीय राजनैतिक दल तथा बुद्धिजीवीहरुसंग परामर्श गरी सर्बपक्षीय, तटस्थ र नयाँ संचालक समिति गठन गर्ने सम्वन्धमा,

(ख) कलेज संचालनको मोडालिटी तयार गर्ने सम्वन्धमा,

(ग) प्रतिबेदन प्राप्त भएपछि मंत्रालयले सो शीघ्र कार्यान्वयन गर्ने ।

२) सर्बपक्षीय बैठकमा सहभागीहरुले उठाउनु भएका आर्थिक अनियमितता र समिति एवं कार्यदलमा पेश भएका विगतका संचालकहरुले गरेका विवादास्पद एवं सार्वनजिक खरिद ऐन प्रतिकूल भएका आर्थिक निर्णय, अनियमितता र भष्ट्राचारको सन्दर्भमा समितिको निर्णय प्राप्त भएको मितिले एक महिनाभित्र छानविन गरी दोषिमाथि कारबाहीको लागि सिफारिस गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तोकेको सो मन्त्रालयको सह-सचिवको अध्यक्षतामा सोही मंत्रालयले तोकेको अनुभवी एवं दक्ष चार्टर्ड एकाउण्टेन्ट एक, पोखरा विश्व विद्यालयको प्रतिनिधि एक, प्रमूख जिल्ला अधिकारी भक्तपुर, चाँगुनारायण न.पा.को प्रमुख प्रशासकीय अधिकृत समेत पाँच जनाको कार्यदल गठन गरी सोको सिफारिश बमोजिम दोषिमाथि कारवाहीको लागि सम्बन्धित निकायमा सिफारिश गर्ने ।

| | | |
|---|---|---|
| ........................ | ........................ | ........................ |
| मा. उमेश श्रेष्ठ | मा. हितबहादुर तामांग | मा. योगेशकुमार भट्टराई |
| सदस्य | सदस्य | संयोजक |



सचिव
२०६८/०५/२२